राष्ट्रिय चिकित्सक संघ नेपाल
National Doctors' Association Nepal
(NDAN)

**च न – ३-८१/८२ – १**
**मिति २०८२/०२/१५**

## प्रेस विज्ञप्ति

## स्वास्थ्य मन्त्रीको "डाक्टर लिने देशसँग रोयल्टी लिने" भनाइप्रति गम्भीर ध्यानाकार्षण

नेपालको स्वास्थ्य सेवा क्षेत्र गम्भीर समस्याबाट गुज्रिरहेको छ। अधिकांश नागरिक गुणस्तरीय उपचारबाट वञ्चित छन्। ग्रामीण भेगमा डाक्टरको चरम अभाव छ। अस्पतालहरूमा आवश्यक औषधि, उपकरण, जनशक्ति र सेवा दिने पूर्वाधार नै छैनन्। संविधानले नागरिकलै दिएको निशुल्क आधारभूत स्वास्थ्या सेवाको अधिकार सुनिश्चित गर्नु स्वास्थ्य मन्त्रालयको प्रमुख दायित्व हो। यस लक्ष्यको पूर्तिमा चिकित्सकहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ। देशभित्रै जनतालाई सेवा पुऱ्याउन सक्ने योग्य, समर्पित र प्रेरित स्वास्थ्य जनशक्ति आवश्यक छ।

आजको दिनमा स्वास्थ्य मन्त्रालयको अकर्मण्यताले आम चिकित्सक मुलुक छाड्न हतारिएका छन् । देश भित्रको आफ्नो आर्थिक अवस्था र पेशागत सुरक्षा समकालीन विश्वको कुनै पनि मुलुकसँग दाज्न मिल्ने नदेखेर नै आम चिकित्सक यो मुलुक छाड्नेको जुलुसमा अग्रपंक्तिमा उभिन थालेका छन् । सायद मन्त्रीज्यु यो देशको भुइँ मान्छे र धरातलीय यथार्थ भन्दा निकै पर हुनु हुन्छ, नभए बैदेशिक रोजगार सपना हैन बाध्यता हो भन्ने सामान्य तथ्य पनि हेक्का नहुने त नहुनु पर्ने हो । देश छाड्ने रहर कसैमा हुदैन तर आफ्नो र परिवारको सपनाको बोझको भारि र मुलुक भित्रको व्यथितिले थिच्छ तब स्वाभिमान र आत्मसम्मानलाई बन्धक राखेर एउटा चिकित्सक विदेशिन्छ ।

यस्तो संवेदनशील समयमै स्वास्थ्य मन्त्रीज्यूको "डाक्टर लिने देशसँग रॉयल्टी लिने" भन्ने अभिव्यक्तिले हामीलाई स्तब्ध तुल्याएको छ। यसले डाक्टरहरूलाई पैसामा किनबेच हुने वस्तु बनाएको महसुस गराउँछ, र मन्त्रालयलाई 'बिचौलिया' को भूमिकामा परिणत गर्छ।

आज USMLE, PLAB, AMC, NBDE जस्ता परीक्षा एक अब्बल चिकित्सकलाई उसका सामाजिक सपनाहरु पुरा गर्ने भरपर्दो माध्यम भएका छन् । स्वास्थ्य मन्त्रालयले सिर्जना गरेका व्यथितिका बीच आफैले खोजेका चाँदी घेरोमा समेत राज्यले धावा बोलेको अनुभुति स्वास्थ्य मन्त्रीको अभिव्यक्तिले चिकित्सकहरुलाइ गराएको छ । यो दृष्टिकोणले न त देशलाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँछ, न त जनताको स्वास्थ्य सेवामा सुधार ल्याउँछ।

डाक्टरहरूलाई देशभित्रै सेवा गर्न प्रेरित गर्ने वातावरण बनाउनु—शिक्षा, काम, सुरक्षा र सम्मानको माध्यमबाट—स्वास्थ्य मन्त्रालयको प्रमुख कार्य हो। यस्ता अव्यवहारिक र अपमानजनक वक्तव्यवाजी भन्दा हामी स्वास्थ्य

मन्त्रालयलाई डाक्टरहरूलाई सम्मान, सुरक्षा, अवसर र प्रोत्साहन दिएर देशमै टिकाउने दीर्घकालीन नीति बनाउन तपशिल बमोजिम सुझाव दिन चाहन्छौं।

१. नेपालका धेरै युवा चिकित्सक सरकारी सेवामा काम गर्न इच्छुक रहेकाले तत्काल राष्ट्रव्यापी O & M सर्भे गरि ३० वर्ष पुरानो दरबन्दि संरचानालाइ समय अनुसार परिवर्तन गरि चिकित्सकको दरबन्दि बढाएर तत्काल स्थायी पदपुर्ति गर्न लोकसेवा आयोग मार्फत प्रक्रिया सुरु गर्ने|

२. छात्रवृत्तिमा पढेका डाक्टरहरूलाई सेवा अवधिमा लोकसेवाको परीक्षा थप पढ्न पाउने अवसर दिने।

३. ग्रामीण क्षेत्रमा काम गर्ने डाक्टरहरूलाई विशेष आर्थिक र अन्य सुविधा घोषणा गर्ने|

४. कार्यस्थल सुरक्षित बनाउन बनेको र विगत १ वर्ष देखि स्वास्थ्य मन्त्रालयमा अड्किएको शून्य सहनशीलताको नीति लागू गर्ने ।

५. रेजिडेन्ट डाक्टरहरूको लागि निश्चित कार्यसमय, बिदाको व्यवस्था गर्ने।

६. स्वास्थ्य क्षेत्रमा अनुसन्धानलाई प्राथमिकता दिन बजेट मार्फत व्यवस्थापन गर्ने।

७. नियुक्ति र पदस्थापनमा पारदर्शिता र योग्यता आधारित प्रक्रिया अपनाउने|

८. चिकित्सकलाइ नेपाल सरकारले सहुलियतपुर्ण ऋणको व्यवस्था गर्ने|

नेपालका डाक्टरहरू राष्ट्रप्रति समर्पित छन्। तर उनीहरूलाई देशमै सेवा गर्न प्रेरित गर्न चाहने हो भने, राज्यले उनीहरूको इज्जत, अधिकार र भविष्य सुनिश्चित गर्नुपर्छ। आफुले गर्नु पर्ने दायित्व बाट पन्छिएर आम चिकित्सकको सपना र सम्भावनामा धावा बोल्ने काम राष्ट्रिय चिकित्सक संघ नेपाललाई कुनै हालतमा स्वीकार्य हुदैन| हामी सरकारसँग आग्रह गर्दछौं कि चिकित्सकहरुलाई 'आयात–निर्यातको वस्तु' हैन, राष्ट्रसेवकको रूपमा नेपाल मै रहने सामान्य व्यवस्था गरियोस ।

डा. बिकाश गौचन
अध्यक्ष
राष्ट्रिय चिकित्सक संघ

डा. सम्राट पराजुली
महासचिब
राष्ट्रिय चिकित्सक संघ